जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# स्थानीय राजपत्र

## खैरहनी नगरपालिकाद्वारा प्रकाशित

## खण्ड (६) चितवन, असोज ०६, २०७९ साल अंक १

### भाग ३

खैरहनी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम खैरहनी नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### संवत् २०७९ को कार्यविधि नं. १

### विपन्न कृषक परिवारलाई करेसाबारी खेतीमा प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि - २०७९

**प्रस्तावना :**

कार्यपालिकाबाट पास मिति : - २०७९/०५/३०

विपन्न कृषकहरुको जीविकोपार्जनमा सुधार तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने उद्दश्यले विपन्न कृषक परिवारलाई करेसाबारी खेतीमा प्रोत्साहन गर्नको लागि सञ्चालीत कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी ढंगले सञ्चालन गर्न वान्छनिय भएकोले खैरहनी नगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "**विपन्न कृषक परिवारलाई करेसाबारी खेतीमा प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि २०७९**" रहेको छ ।

(२) यो कार्यविधि खैरहनी नगरपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यक्रम" भन्नाले विपन्न कृषक परिवारलाई करेसाबारी खेतीमा प्रोत्साहन कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ख) "कार्यक्रम निर्देशक समिति" भन्नाले दफा ४ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

(ग) "विपन्न परिवार" भन्नाले भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले गरिब घर पहिचान कार्यक्रम मार्फत गरिब घर परिवार भनेर पहिचान गरेको परिवार वा सो नभएको अवस्थामा वडा कार्यलयको सिफारिसमा दफा ४ बमोजिमको समितिले गरिब परिवार भनि प्रमाणित गरिएको परिवारलाई सम्झनु पर्दछ ।

(घ) "स्थानीय तह" भन्नाले खैरहनी नगरपालिकालाई सम्झिनु पर्दछ ।

## परिच्छेद-२
## कार्यक्रमको कार्यक्षेत्र तथा व्यवसाय छनौट

**३. विपन्न कृषक परिवारलाई करेसाबारी खेतीमा प्रोत्साहन कार्यक्रम छनौट मापदण्ड** : विपन्न कृषक परिवारलाई करेसाबारी खेतीमा प्रोत्साहन कार्यक्रम छनौट गर्दा देहाय बमोजिमको मापदण्ड अवलम्बन गर्नु पर्नेछ ।

(१) कार्यक्रम दोहोरो नपरेको विपन्न कृषक परिवार हुनुपर्नेछ ।

(२) कृषि कार्यक्रम सञ्चालन गर्न बढीमा २ कठ्ठा जग्गा आफ्नो नाममा भएको, भाडामा खेती गरेको भए बढीमा ५ कठ्ठा जग्गाको कागजातको साथै कर तिरेको रसिद र ऐलानी जग्गाको हकमा बढीमा ५ कठ्ठा सम्मको कागजात तथा वडा सिफारिस हुनुपर्नेछ । भाडामा खेती गरिएको हकमा ठेक्काको कागजात पेश गर्नुपर्नेछ ।

(३) रोजगारीको अन्य स्थायी स्रोत नभएको खैरहनी नगरपालिकाको स्थायी बासिन्दा हुनुपर्नेछ ।

(४) वडा कार्यालयको सिफारिस पत्र पेश गर्नु पर्नेछ ।

(५) महिला, दलित, सामाजिक रुपमा पिछडिएका वर्गको हितलाई विशेष प्राथमिकता दिईनेछ ।

(६) छनौट भएका कार्यक्रमहरु एक आर्थिक वर्षसम्म सञ्चालन गर्नुपर्नेछ ।

**४. कार्यक्रम निर्देशक तथा छनौट समिति** : (१) कार्यक्रममा विपन्न कृषक परिवार छनौट तथा प्रभावकारी कार्यन्वयनका लागि देहाय बमोजिमको कार्यक्रम निर्देशक तथा छनौट समिति गठन गरिनेछ ।

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | - संयोजक |
| (ख) | नगर उपप्रमुख | - सदस्य |
| (ग) | प्रमुख प्रशासकिय अधिकृत | - सदस्य |
| (घ) | आर्थिक विकास समिति संयोजक | - सदस्य |
| (ङ) | कृषि शाखा प्रमुख | - सदस्य सचिब |

(२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछ ।

(क) नगरपालिकामा पर्न अएका निवेदनहरुको मूल्याङ्कन गरी मापदण्ड पुगेको विपन्न कृषक परिवारलाई कार्यक्रमको लागी छनौट गर्ने ।

(ख) सञ्चालित कार्यक्रमलाई प्रभावकारी बनाउन अनुगमन मूल्याङ्कन गर्ने वा गराउने ।

(च) सञ्चालित कार्यक्रमको सम्बन्धमा प्राप्त भएका गुनासो व्यवस्थापन गर्ने ।

(३) उपदफा (१) बमोजिम गठित समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) समितिको बैठक संयोजकको निर्देशनमा सदस्य सचिवले मिति, समय, र स्थान तोकी बोलाउनु पर्नेछ ।

(ख) बहुमत सदस्यहरुको उपस्थितिलाई बैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

(ग) समितिको बैठकको सर्भसमतको निर्णयको आधारमा गरिनेछ ।

(घ) समितिले आवश्यकता अनुसार विषय विशेषयज्ञ वा सरोकारवालाहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(ङ) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**५. लागत अनुमान तथा सम्झौता** : (१) दफा ४ बमोजिमको समितिले छनौट गरेका विपन्न कृषक परिवारलाई आवश्यक कागजात सहित सम्झौता गर्न आउनको लागि नगरपालीकाले ७ दिनको अवधि तोकी सूचना गर्नेछ ।

(२) तोकिएको म्याद भित्र आएका विपन्न कृषक परिवारले सञ्चालन गर्ने कार्यक्रमको लागत अनुमान सम्बन्धित प्राविधिक कर्मचारी समेतको सहयोग लिई कृषि विकास शाखाले गर्नेछ ।

(३) उपदफा (१) बमोजिम तोकियको म्याद भित्र आएका विपन्न कृषक परिवारसंग उपदफा (२) बमोजिम लागत अनुमान तयार भएपछि अनुसुचि - १ बमोजिमको ढाँचामा प्रचलित कानून अनुसार सम्झौता गर्नुपर्नेछ ।

(४) सम्झौता बमोजिमको कार्य सम्पन्न भए पश्चात सम्बन्धीत लाभग्राहीलाई प्रचलित कानून अनुसार रकम भुक्तानी गरिनेछ ।

## परिच्छेद-३
## कार्यक्रममा सञ्चालन गरिने क्रियाकलापहरु

**६. अनुदान रकमको परिचालन :** (क) अनुदानको रुपमा प्रदान गरिने रकम प्रत्येक विपन्न कृषक परिवारलाई सम्झौता बमोजिमको कार्य सम्पन्न भए पश्चात अधिकतम रु ५,०००/- (पाँच हजार) उपलब्ध गराइने छ ।

(ख) कार्यक्रम सञ्चालनका लागि अनुदान रकम करेसाबारीमा तरकारीको बीउ/बिरुवा/क्षेत्रफल विस्तार, विषादी तथा अन्य उत्पादन साम्रागी खरिद गर्न परिचालन गर्न सकिनेछ ।

## परिच्छेद-४
## कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

**७. कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन व्यवस्था :** (१) कार्यक्रमको अनुगमन नगरपालिकाको कृषि प्राबिधिक द्वारा गरिनेछ र अनुगमन पश्चात भुक्तानीको व्यवस्था गरिनेछ ।

(२) सञ्चालित कार्यक्रम समितिले जुनसुकै बेलामा अनुगमन, निरीक्षण तथा निर्देशन गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम अनुगमन तथा निरीक्षण गरेको प्रतिवेदन खैरहनी नगरपालिकामा बुझाउनु पर्नेछ ।

(४) कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको सम्झौता बमोजिम लागत इष्टिमेट अनुसार गुणस्तरिय काम नभएको लगायत अन्य विषयमा अनुगमन गर्ने काम नगरस्तरीय अनुगमन समितिले गर्नेछ ।

**८. कार्यक्रमको प्राविधिक मूल्याङ्कन जाँचपास र फरफारक :** (१ ) यस कार्यविधि बमोजिम सम्झौता अनुसारको कार्यसम्पन्न भएपछि विपन्न कृषक परिवारले आवश्यक विल भर्पाई लगायत आवश्यक विवरण कागजात सहित कृषि शाखा समक्ष भुक्तानीका लागि निवेदन पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कृषि शाखाको कर्मचारीले स्थलगत रुपमा सम्झौता बमोजिम कार्य भए नभएको मूल्याङ्कन गरी कार्यसम्पन्न प्रतिबेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश गरेको कार्यसम्पन्नको प्रतिवेदन, बिल भर्पाइ र कृषि शाखाले गरेको सिफारिसको आधारमा प्रचलित कानून बमोजिम लेखा शाखाले विपन्न कृषक परिवारको नाउँमा अनुदान रकम भुक्तानी गर्नु पर्नेछ ।

## परिच्छेद-५
## विविध

**९. कार्यक्रमको समाप्ती** : (१) विपन्न कृषक परिवारलाई करेसाबारी खेतीमा प्रोत्साहन कार्यक्रम आर्थिक वर्षको अन्त्य भएपछि स्वतःसमाप्त भएको मानिनेछ ।
**१०. निर्देशन दिन सक्ने** : यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको कार्यन्वयनलाई पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी बनाउन कृषि शाखालाई समितिले निर्देशन दिन सक्नेछ ।
**११. प्रचलित कानून बमोजिम हुने** : कार्यविधिमा उल्लेख भएको विषयहरुमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।
**१२. बाधा अड्काउ फुकाउने र संशोधन** : (१) यस कार्यविधिको कार्यन्वयनमा कुनै दुविधा उत्पत्ति भई कार्यान्वयन गर्न बाधा परेमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।
(२) कार्यपालिकाले यस कार्यविधिमा प्रचलित कानूनको प्रतिकुल नहुने गरी आवश्यक संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

## अनुसुची १
## दफा ५ उपदफा २ संग सम्बन्धीत
## सम्झौता पत्रको ढाँचा

खैरहनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, खैरहनी, चितवन र खैरहनी नगरपालिका वडा नं. ..... बस्ने श्री ..............................का बीच विपन्न कृषक परिवारलाई करेसाबारी खेतीमा प्रोत्साहन कार्यक्रम अन्तर्गत ...................... योजना सञ्चालनका लागि भएको **सम्झौता पत्र**

खैरहनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय (यसपछि प्रथम पक्ष भनिने) र ......................... (यसपछि दोस्रो पक्ष भनिने) का बीच आ.व. .................को विपन्न कृषक परिवारलाई करेसाबारी खेतीमा प्रोत्साहन कार्यक्रम अन्तर्गत ........................कार्यक्रम सञ्चालनका लागि अनुदान उपलब्ध गराउने प्रयोजनको लागि तपसिलका शर्तनामाहरु तथा लागत साझेदारीको अधिनमा रहने गरी द्विपक्षीय सम्झौता गरिएको छ ।

**शर्तनामाहरु :**

१. सम्झौता-पत्रमा हस्ताक्षर गरेको मिति देखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ ।
२. दोश्रो पक्षले सम्झौतामा हस्ताक्षर भए पछि तत्काल काम शुरु गर्नु पर्नेछ ।
३. दोस्रो पक्षले सञ्चालन गर्ने सम्पुर्ण क्रियाकलाप प्रथम पक्षको प्राविधिक रेखदेख र निर्देशन बमोजिम गर्नु पर्नेछ ।
४. दोस्रो पक्षले सम्झौता बमोजिमको कार्य सम्पन्न गरी बिल भरपाई सहित कार्य सम्पन्न प्रतिवेदन पेश गरे पछि प्रथम पक्षले अनुदान रकम रु ...............मा नबढ्ने गरी प्रदान गर्नेछ ।
५. दोस्रो पक्षले सम्झौता बमोजिमको कार्य मिति ................भित्र सम्पन्न गरी भुक्तानीका लागि आवश्यक कागजात प्रथम पक्ष समक्ष पेश गर्नेछ ।

६. कार्यक्रम सम्बन्धी दोश्रो पक्ष र प्रथम पक्ष बीच कुनै विवाद आएमा खैरहनी नगरपालिकाको निणर्य अन्तिम हुनेछ ।

७. दोश्रो पक्षको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी सम्बन्धित दोस्रो पक्षको हुनेछ ।

८. दोश्रो पक्षले कार्यक्रमको खेती कार्य शुरु गर्नु भन्दा पूर्व, कार्य सञ्चालन हुदै गरेको र उत्पादन लिए पछिको फोटोहरु अन्तिम भुक्तानीको लागि पेश गरिने बिल भर्पाइका साथमा अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

९. कार्यक्रमको लागत इष्टिमेट

| क.स. | क्रियाकलाप | इकाई | परिमाण | दर | जम्मा रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा रु | | | | | | |

१०. प्रथम पक्षले जुनसुकै बेलामा पनि कार्यक्रमको अनुगमन तथा निरीक्षण गर्न सक्नेछ । सो क्रममा प्रथम पक्षले माग गरेको जानकारी दोस्रो पक्षले अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

११. नगरपालिकाबाट निरीक्षणमा जाने प्राविधिकलाई निरीक्षण तथा अनुगमनमा दोश्रो पक्षले आवश्यक सहयोग गर्नु पर्नेछ ।

१२. दोस्रो पक्षले समयमा कार्य सम्पन्न गर्न नसकेमा सम्झौता बमोजिमको रकम भुक्तानी दिन प्रथम पक्ष बाध्य हुने छैन ।

१३. यस सम्झौतामा रहेकका शर्तहरु यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

प्रथम पक्षको तर्फबाट

हस्ताक्षर :

नाम :

पद :

मिति :

दोस्रो पक्षको तर्फबाट

हस्ताक्षर :

नाम :

ठेगाना :

मिति :

कार्यालयको छाप :